मासिक
# विपद् बुलेटिन

अंकः १२

२०७८ चैत

## यस भित्र

२ विपद्को बद्लिदो रुप र बदल्नु पर्ने समग्र विपद् व्यवस्थापन

४ विपद् जोखिम न्यूनीकरणमा महिला सहभागिता बढाउन १० बुदे घोषणा पत्र जारी

६ आगलागीका कारण, असर र बच्ने उपायहरु

# तयार परियोजनासंगको साझेदारी उपलब्धिपूर्ण



प्रकोप पूर्व तयारी संजाल नेपाल (डिपीनेट) ले गएको एक वर्षमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा गरेको क्षमता विकास, सचेतीकरण तथा विपद्को बुझाइ सबलीकरणमा गरेका कार्यहरु महत्वपूर्ण रहेको र यसलाई निरन्तरता दिनु पर्ने सरोकारवालाहरुले बताएका छन् । अमेरिकी सहयोग नियोग (युएसएआइडि) तयार परियोजना संगको साझेदारीमा डिपीनेटले संचालन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता अभिवृद्धिको समिक्षा तथा छलफल कार्यक्रममा सहभागिहरुको उक्त धारणा आएको हो । यो सहकार्य अन्तर्गत विपद् जोखिम न्यूनीकरण व्यवस्थापनसंग संम्बन्धित विषयमा संघ, केन्द्र तथा कतिपय स्थानीय तहमा समेत छलफल, तालिम, अभिमुखिकरण, सचेतिकरण लगायतका विभिन्न कामहरु भएका छन् । त्यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (National Platform for Disaster Risk Reduction) अन्तर्गतका विषयगत समुहको गठन र तिनीहरुको वैठक तथा छलफल पनि महत्वपूर्ण कार्य रहे ।

कार्य मञ्च अन्तर्गतका ९ वटा विषयगत समुहका प्रतिनिधि, सरकारी निकाय तथा विज्ञहरुको सहभागितामा चैत ११ गते काठमाडौंमा आयोजित सहभागितामुलक विपद् जोखिम न्यूनीकरण प्रतिबिम्बन कार्यक्रममा तयार परियोजना संगको साझेदारीमा भएका क्षमता अभिवृद्धिका कार्यक्रम, उपलब्धि र सिकाईको बारेमा प्रस्तुति राख्दै डिपीनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाले सम्पन्न गरिएका यी कार्यक्रमबाट प्राप्त उपलब्धि उत्साहजनक रहेको बताउनुभयो ।

उहाँको प्रस्तुति पश्चात सहभागिहरुले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा नीतिगत तथा कानूनी क्षेत्रमा उल्लेख्य फट्को मारेको तर त्यसलाई योजना तर्जुमा र कार्यान्वयनमा लैजान धैरै काम गर्नु पर्ने भएकाले अबका दिनमा यताफर्त सबैले ध्यान दिनु पर्ने धारणा सहभागिहरुले व्यक्त गरेका थिए ।

यो साझेदारी अन्तर्गत कार्यमञ्च अन्तर्गतका ९ वटा विषयगत समुह गठन गरि अधिकांश समुहका आवधिक बैठक सम्पन्न गरिनुले सहभागितामुलक विपद् जोखिम न्यूनीकरणमा नयाँ शुरुवात भएको सहभागिहरुको भनाई थियो । सरकारी निकाय, सार्वजनिक संस्थान तथा संघीय समूह, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रिय गैह्रसरकारी संस्था, व्यवसायिक प्रतिष्ठान तथा निजी क्षेत्र, संचार तथा सूचना प्रविधि र विपद् प्रभावित समूहका विषयगत क्षेत्रलाई समेटेको विषयगत समूहमा भएका छलफलले विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा एक नमूना सहभागितामूलक पहल शुरु गरेको सरोकारवालाहरुको भनाइ छ । यी समूहहरु संगको अन्तर्कृया र छलफलबाट क्षेत्रगत हिसाबले विपद् जोखिम न्यूनीकरणको विषयमा महत्वपूर्ण सवालहरु उठान भएका छन् । यी सवाललाई आगामी दिनमा गरिने कार्यक्रमसंग जोडेर लैजानु आवश्यक देखिएको छ ।

विपद्को समयमा मानवीय खोज, उद्धार र राहत (प्रतिकार्यहरू) को प्रक्रिया र गुणस्तरमा सुधार ल्याउन तथा यस सम्बन्धीका क्रियाकलापलाई जवाफदेही बनाउन विश्वब्यापी रुपमा अवलम्बन गरिएको स्फियर मापदण्ड सम्बन्धी सुदुरपश्चिम र कर्णाली प्रदेशमा ६ दिने तालिम सम्पन्न गरिएको छ । राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयसंगको समन्वयनमा सम्पन्न उक्त कार्यक्रममा प्रदेशमा जोखिमको अवस्था, जनचेतना तथा विपद्संग स्फियर मापदण्डको बुझाइको बारेमा छलफल गरिएको थियो । त्यसैगरि स्थानीय सरकारहरुलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखिकरण अन्तर्गत कैलाली जिल्लाको गोदावरी, बर्दिया जिल्लाको राजापुर र दाङ जिल्लाको तुल्सिपुर गरी ३ वटा पालिकालाई समावेश गरी कार्यक्रम गरिएको छ ।

वि.सं. २०७८ साल असार देखि चैत्र महिना सम्म विपद्का विभिन्न सवालहरु समावेश भएका १२ वटा ई-बुलेटिन प्रकाशन गरिएको छ जसलाई https://www.dpnet.org.np/resource/bulletins मा हेर्न सकिन्छ । यसले विपद् जोखिमको क्षेत्रमा भए गरेका कामहरुको उजागर गर्ने देखि बहस, छलफल र विचारहरुलाई सरोकारवालाहरु समक्ष पुर्‍याउन र त्यस्ता विषयवस्तुको

पृष्ठ २ मा क्रमश...

पृष्ठ १ बाट क्रमश...



अभिलेखनमा महत्वपूर्ण सहयोग गरेको छ । ई-बुलेटिनले विभिन्न क्षेत्रगत सवालहरु जस्तै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च, निजी क्षेत्र, स्फियर र डिपीनेटले तयार परियोजना अन्तर्गत गरेका कार्यक्रम जस्ता विषयहरुमा आधारित विशेषांकहरु पनि प्रकाशन गरेको छ ।

डिपीनेटले स्फियर मापदण्डसंग जोडिएका ६ वटामध्ये २ वटा स्फियर कम्पेनियनहरु नेपालीमा अनुवाद गर्ने, सरोकारवालाहरु संग छलफल गर्ने, कोरोना महामारीको समयमा समेत भर्चुवल छलफलहरु गर्ने लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न गरेको छ । कर्णाली र सुदुरपश्चिम प्रदेशका सबै पालिकाहरुमा विपद् सम्बन्धी डाटा वेस तयार गर्ने काम सम्पन्न भएको छ । यसले गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विपद् सम्बन्धी काम गर्ने सहयोगी संस्था एवं स्वयंसेवकको परिचालन गर्न सहयोग पुग्ने छ । विपद्को क्षेत्रमा गैरसरकारी संस्थाको संलग्नता बढाउने सम्बन्धी तिनवटा वटा कार्यशाला आयोजना गरिएको छ ।

यी गतिविधिले नेपालमा विपद् जोखिम न्यूनीकरणका प्रयासलाई बृहत्तर क्षेत्रमा लैजाने र सबै सरोकारवालाहरुको सामूहिक प्रयत्नलाई अझ मजबुत बनाउनका लागि महत्वपूर्ण योगदान गर्ने भएकाले यसको निरन्तरता आवश्यक रहेको प्रतिबिम्बन कार्यक्रमका सहभागिहरुको सुझाव थियो । विपद्ले सबै क्षेत्रलाई असर गर्ने भएकाले यसको जोखिम न्यूनीकरणका लागि सबैको अर्थपूर्ण सहभागिता जरुरी हुन्छ भन्ने तथ्यलाई सबैले मनन् गर्नुपर्नेमा सहभागिको साझा धारणा थियो ।

विपद् जोखिम न्यूनीकरण सम्बन्धी राज्यका साविकका संरचनाहरुको सवलिकरणका लागि सहयोग गर्ने, यसको बारेमा ज्ञान बढाउने, सूचनाको पहुँचलाई अझ व्यापक बनाउने, विपद् सम्बन्धीका सुचनाहरुलाई अझ व्यवस्थीत ढंगले अभिलेखिकरण गर्ने क्षेत्रमा भएका कामहरु उल्लेखनीय रहेको र यसमा अझ बढि काम गर्नुपर्ने कार्यमञ्चका विषयगत समूहका प्रतिनिधिको सुझाव थियो । डिपीनेटले कार्यमञ्चको सचिवालय संस्थाको रुपमा सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र, संचार क्षेत्र, निजी क्षेत्र, दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, विपद् प्रभावित समूह लगायतका क्षेत्रहरुलाई जोडेर गरेका कामहरु महत्वपूर्ण रहेको भन्दै सहभागिहरुले यो कार्यलाई अझ सघन बनाउन आवश्यक रहेको बताएका थिए ।

# विपद्को बदलिँदो रूप र बदल्नु पर्ने समग्र विपद् व्यवस्थापन




सन् २०१९ को अन्त्य तिर चीनको बुहान राज्यमा देखिएको कोरोना भाइरस संक्रमण विश्वभरि फैलिन समय लागेन । केहि महिनाको अन्तरालमा विश्वभर यसको आतंक फैलियो । एक देशबाट अर्को देशमा जाने नाका, सवारी र हवाई माध्यामहरु समेत ठप्प भयो । हुँदा हुँदै एउटै घरका मानिससंग समेत डराउनुपर्ने अवस्था आयो । हालसम्म कोरोना संक्रमणबाट विश्वभरका झन्डै ६१ लाख मानिसको मृत्यु भैसकेको छ ।

नेपालमा पनि झन्डै एक वर्ष उद्योग, व्यवसाय, कामकाज, आवतजावत र चहलपहल समेत बन्द भयो । जसबाट दिनभरि काम गर्ने र बिहान बेलुकाको छाक टार्ने वर्गका मानिसहरु सबैभन्दा बढी महामारीको चपेटामा परे । अर्थतन्त्रमा नराम्रोसंग धक्का लाग्यो ।

कोरोना संक्रमणले विपद् भन्नेबित्तिकै प्राकृतिक प्रकोपलाई मात्र बुझ्ने परिपाटीको समेत अन्त्य गरिदिएको छ । पछिल्लो समय विपद्को परिभाषा नै बदलिएको छ भन्दा फरक नपर्ला । प्राकृतिक प्रकोप, रोग तथा महामारी र दुर्घटनाहरुलाई समेत विपद्का रुपमा व्याख्या गर्न थालिएको छ ।

गत फागुन १२ र १३ गते काठमाडौंमा आयोजना भएको २ दिने राष्ट्रिय सम्मेलनले पनि विपद् जोखिम न्यूनीकरणका विषयमा भिन्न र बहुआयामिक विषयहरु उठान गरेको थियो । जसमा विपद्का बारेमा आममानिसको बुझाइ र वास्तविकता, उठाउनुपर्ने विषय, संघ संस्थाको भूमिका, सरकारका विभिन्न तहको दायित्व, विपद्भित्र केके पर्छ र विपद्पछि कुन कुन पक्षमा के कस्ता समस्याहरु आइपर्छन् भन्ने कुराहरु गहन छलफलका विषय बने । सम्मेलनले रैथाने शिपबाट विपद् जोखिम न्यूनीकरण कसरी गर्न सकिन्छ र विपद् र उद्योग, व्यवसाय, विभिन्न व्यवसायिक संगठनलाई समेत यससंग जोडेर संगसंगै कसरी अगाडी बढाउँन सकिन्छ भन्ने विषयमा समेत सम्बन्धित पेशामा विगत लामो समयसम्म काम गरेका व्यक्तिहरुले आफ्ना धारणा र अनुभव प्रस्तुत गरेका थिए ।



महिला, बालबालिका, सुत्केरी तथा गर्भवती भएका व्यक्तिहरु, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरु, गरिब तथा विपन्न वर्ग लगायतका व्यक्तिहरु विपद्बाट बढी प्रभावित हुन्छन् । विपद्का बेला उनीहरुको विशेष ख्याल राख्नुपर्छ। सम्मेलनमा विपद्का बेला यौन तथा प्रजनन अधिकारको विषयले पनि छलफलमा स्थान पाएको थियो । विपद्पछि यौन दुर्व्यवहार तथा बलात्कारको घटना बढ्ने, गर्भ निरोधका साधन सजिलै नपाइने भएकाले ऐच्छिक गर्भधारण गर्नु पर्ने गरेको समेत अध्ययनहरुले देखाएको छ। त्यसैले यौन तथा प्रजनन स्वास्थ्यलाई पनि विपद्का बेला ख्याल गरिनुपर्ने विषयका रुपमा हेरिन थालिएको छ ।

पछिल्लो समय भुकम्प, बाढीपहिरो, रोगजन्य संक्रमणहरु बढ्दो क्रममा छ । जलवायु परिवर्तनका कारण विश्वभर नयाँ नयाँ संकट र विपद्का घटनाहरु घट्न थालेका छन् । नेपालमा पनि जलवायु परिवर्तनका कारण विगत केहि वर्षदेखि विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु हामीले सामना गर्दै आइरहेका छौं । यसको उदाहरणका रुपमा गत असार १ गते र साउन १६ गते मेलम्चीमा आएको बाढीलाई लिन सकिन्छ। त्यहाँ यति ठुलो बाढी आउँछ र जनधनको क्षति हुन्छ भनेर कल्पना पनि गरिएको थिएन। बाढीले राष्ट्रिय गौरवको आयोजना 'मेलम्ची खानेपानी आयोजना'मा समेत ठुलो क्षति पुर्यायो ।

त्यस्तै, झन्डै झन्डै मनसुन सकिएपछि अर्थात गत कार्तिकको शुरुमै आएको मनसुन समाप्ती लगतैको वर्षाले पश्चिम तराइमा अर्बौं रुपैयाँको धानबाली नोक्सानी गर्‍यो । कृषि मन्त्रालयले किसानलाई राहत दिन एक अर्ब रुपैयाँ सरकारसंग माग गरीयो । सरकारबाट ८५ करोड रुपैयाँ निकासा पनि भयो ।

मेलम्ची घटना तथा क्षति र कात्तिकमा आएको वर्षाबाट भएको क्षति यो वर्षका भिन्न खालका विनासकारी विपद् भए। कात्तिकको वर्षाले निम्त्याएको क्षतिलाई पुर्व-सुचना प्रणालीको प्रभावकारी प्रयोग हुन नसक्नुलाई लिइएको छ। वि.स.२०७२ सालको भूकम्प, वि.सं.२०७४ सालको तराइको डुबानका साथै यो वर्षका दुई विपद्लाई मूल्यांकन गर्दा हाम्रा प्रयासहरु थप मजबुत गर्नुपर्ने चेतावनीको रुपमा लिन सकिन्छ ।

पछिल्लो समयमा विपद्का घटनाहरु जुन तरिकाले बढिरहेकोछ, त्यसले आगामी दिनमा विपद्का प्रवृति र क्षति झन् बढेर जाने देखिएको छ। यो बढ्दो विपद् विरुद्धका बहुक्षेत्रको संलग्नता झन् बढाउँनु पर्ने देखिएको छ। पछिल्लो समयमा भूकम्पले भत्काएका निजी घरको पुनर्निर्माणका लागि गरेको लगानी देखि धानबालीमा भएको क्षतिका लागि दिएको राहत तथा अन्य विपद् सम्बन्धीका घटनाबाट प्रभावित समुदायलाई दिइएको राहतले एउटा स्पष्ट सन्देश दिएको छ कि अब यहि ढाँचामा विपद् प्रभावित क्षेत्रमा राज्यले लगानी गर्न कठिन छ ।

बढ्दो विपद्का कारण हुने क्षति र पुनर्निर्माणका लागि पनि अब सरकारले रकम वितरण गरेर अर्थतन्त्रले धान्न नसक्ने अवस्था आउने अवस्था देखिएको छ । यसको विकल्पमा जानु पर्ने बारेमा बहस गर्न आवश्यक छ । यस्तो अवस्थामा विपद् जोखिम विमा र योगदानमा आधारित पुनर्निर्माण तथा राहतका लागि पनि सोच्नु पर्ने बेला आएको छ। यसका लागि निजी क्षेत्र र आम नागरिकसंगको सहकार्य आवश्यक छ। जस्तो कि विपद् प्रभावित् समुदायका लागि प्रयोग हुने सामानको सूची तयार गरी आयात हुने सामानमा सरकारले भन्सार छुद दिन सक्छ। त्यस्तै देशभित्र उत्पादन हुने सामानमा करमा छुट दिन सक्छ। निर्माण कार्यमा निजी क्षेत्रलाई न्यूनतम

पृष्ठ ४ मा क्रमश...

पृष्ठ ३ बाट क्रमश...

नाफा राखेर सरकारले काम गर्न आग्रह गर्न सक्छ। विपद् जोखिमको विमा अनिवार्य गरेर केहि जोमिख त्यसबाट पनि खाम्न सकिन्छ। प्रभावित् समूहले पनि आफ्नो निजी संरचना निर्माणका लागि योगदान गर्न सक्छन् । यदि यो मोडलमा जाने हो भने बहुक्षेत्र योगदानमा आधारित लगानीको ढाँचा तयार हुन्छ। त्यहि ढाँचामा टेकेर विपद् जोखिमको असरलाई सम्बोधन गर्ने बाटो बनाउँन सकिन्छ । तर यसका लागि धेरै चरणको बहस र छलफल आवश्यक छ ।

**बहुक्षेत्र साझेदारीको सबलिकरण**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नेतृत्वको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमंचले विपद् जोखिम न्यूनीकरणमा बहु क्षेत्रको संलग्नता बढाउन ९ वटा विषयगत समुहको निर्माण गरेको छ । जसमा सरकारी तथा निजी क्षेत्र, गैरसरकारी संस्था, शैक्षिक तथा अनुसंधान संस्था, संचार तथा सूचना प्रविधि क्षेत्र, विपद् प्रभावित समूहलगायत समेटिएका छन्। यसको उद्देश्य विपद् जोखिम न्यूनीकरणमा व्यापक संलग्नता बढाइ विपद् व्यवस्थापनलाई सबल बनाउनु हो । यो कार्यमञ्चले विपद् जोखिमलाई फरक ढंगले सम्बोधन गरी सरकारको एक्लो भार न्यून गर्ने विकल्प खोज्न एक महत्वपूर्ण भूमिका खेल्न सक्छ। तर यसका लागि कार्यमञ्च तथा विषयगत समूहको व्यापक सक्रियता, अन्तरविषयगत समूहवीचको समन्वय सहितको क्रियाशीलता आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका प्रयास अन्तर्गत पूर्व तयारी अति महत्वपूर्ण कार्य हो । यसका केहि राम्रा कामहरु भए पनि अझै पनि कतिपय कामहरु गर्न बाँकी छ । जस्तो कि विपद् भइसकेपछि विभिन्न व्यक्ति तथा संस्थाहरु राहत सामग्री लिएर प्रभावित समूहकोमा पुग्छन् । उनीहरु आफ्नै तरिकाले काम गर्छन् । एकातिर स्वतःस्फूर्त रुपमा राहत लिएर जाने भिडभाडलाई कसरी व्यवस्थित बनाउने भन्ने बारेमा नयाँ तरिकाले काम गर्न आवश्यक छ । यो पनि पूर्वतयारी अन्तर्गत गर्नु पर्ने कार्य हो । अर्कोतर्फ विपद् पछिको राहत वितरणका व्यापक सहभागिता जनाउने समूहलाई पुर्वतयारी र जोखिम न्यूनीकरणका कार्यमा संलग्न गराउनका लागि पनि काम गर्नु आवश्यक छ ।

त्यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा हुँदै उत्थानशीलता निर्माण गन्तब्य हो । यो विषयमा जति काम हुनु पर्ने हो, त्यति मात्रामा हुन सकेको छैन । पछिल्लो समयमा जुन किसिमले बहुक्षेत्रको संलग्नता बढेको छ, त्यो संलग्नताले पूर्वतयारी, क्षमता विकास, जोखिम न्यूनिकरण र उत्थानशीलतालाई जोड दिनु पर्छ । यो विषयलाई प्राविधिक विषय मात्र होइन, समुदाय तथा हरेक व्यक्तिको सवाल बनाउने गरी काम गर्न आवश्यक छ ।

आगामी दिनमा विपद् जोखिम न्यूनीकरणको सम्बन्धमा भएका नीतिगत तथा संस्थागत संरचनाहरुको अधिकतम परिचालन र नयाँ उपायहरुको अवलम्बन गर्दै विपद्को जोखिम घटाउने, राज्यले व्यहोर्ने क्षतिको भार न्यून गर्ने उपाय खोज्ने र उत्थानशील समुदाय निर्माणका लागि समूहिक पहललाई सबलिकरण गर्ने तर्फ सबैको प्रयत्न हुनु पर्छ। यस कार्यका लागि

# विपद् जोखिम न्यूनीकरणमा महिला सहभागिता बढाउन १० बुदे घोषणा पत्र जारी

कैलालीको धनगढीमा 'विपद् तथा आपत्कालीन अवस्थामा महिला नेतृत्वको शक्ति' विषयक दशबुँदे धनगढी घोषणापत्र जारी गरिएको छ। केयर नेपाल र निड्स नेपालद्वारा संयुक्त रूपमा सञ्चालित कोभिड प्रतिकार्य तथा पुनर्लाभ परियोजना अन्तर्गत चैत ९ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा आयोजित "विपद् तथा आपत्कालीन अवस्थामा महिला नेतृत्वको शक्ति" विषयक संवाद कार्यक्रममार्फत् उक्त घोषणा पत्र जारी गरिएको हो । सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री पूर्णा जोशी, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल, प्रकोप पूर्वतयारी संजाल नेपालका कार्यवाहक अध्यक्ष डा.राजु थापा लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा जारी उक्त घोषणा पत्रले महिला र विपद्का महत्वपूर्ण सवाललाई सम्बोधन गरेको छ। जारी घोषणा पत्रको पूर्णपाठ :

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला नेतृत्व सम्बन्धी धनगढी घोषणा-पत्र, २०७८**

मानवीय सहयोग साझेदारी मञ्चका साझेदार संस्थाहरूको संयुक्त प्रयासमा मिति २०७८ साल चैत्र ९ गते बुधबारका दिन कैलाली जिल्लाको धनगढीमा आयोजना गरिएको "आपत्कालीन अवस्थामा महिला नेतृत्वको शक्ति" विषयक संवाद कार्यक्रमका सहभागीहरू, नेपाल प्राकृतिक र गैर प्राकृतिक प्रकोपका कारण सृजित विपद्बाट उच्च जोखिमको अवस्थामा रहेको हामी सबैलाई




ज्ञात नै छ। हरेक वर्ष बाढी पहिरो, आगलागी, हिमताल विस्फोट, चट्याङ्ग, हावाहुरी जस्ता बहुप्रकोपहरुबाट नेपाल जोखिममा रहेको छ । त्यसै गरी कमजोर भौगोलिक अवस्था र जटिल भौगर्भिक अवस्थाका कारण भूकम्पीय जोखिम पनि उच्च रहेको छ। यस्ता विपद्जन्य प्रकोपहरूको व्यवस्थापन गर्न दैविप्रकोप उद्धार ऐन, २०३९ लाई विस्थापन गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ नेपालमा प्रचलित ऐनको रूपमा रहेको छ। मुलुकमा गणतन्त्र स्थापना भएपश्चात् जारी भएको उक्त ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तिनै तहका सरोकारवाला निकायहरूको सहभागिता र जिम्मेवारीलाई स्पष्ट व्यवस्था गरेको छ, र समावेशी विपद् जोखिम व्यवस्थापनको अवधारणालाई आत्मसाथ गरिएको छ। तर नीतिको कार्यान्वयनमा महिला नेतृत्वको उल्लेख्य सहभागिता देखिँदैन। यस कुरालाई मध्यनजर गर्दै तिनै तहका सरकारका सबै संरचनाहरूमा महिलाको उल्लेख्य सहभागिता सुनिश्चित गर्नका लागि विद्यमान कानुनी प्रावधानलाई पुनरावलोकन र आवश्यक संशोधन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न हामी सहभागीहरूले तपशीलका बुँदाहरू समेटी यो घोषणा-पत्र जारी गरेका छौँ ।

१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा रहेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा उपसमितिहरूमा महिलाको उल्लेख्य सहभागिता सुनिश्चित गर्ने गराउने,

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा महिलाहरूको अर्थपूर्ण सहभागितालाई केन्द्रमा राखेर कार्यान्वयन गर्ने गराउने,

३. विपद्को उच्च जोखिममा रहेका महिलाहरूको विपद् प्रतिकार्य तथा समानुकूलन सम्बन्धी क्षमता बढाउन आवश्यक योजना तर्जुमा र बजेट विनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

४. विपद् जोखिमले महिलाहरूमा पार्ने भिन्न प्रभावको उचित तवरबाट लेखाजोखा गरी अति संकटासन्न अवस्थामा रहेका महिलाहरूको समस्या र आवश्यकताको समाधानका लागि उचित पहल गर्ने गराउने,

५. सम्भावित विपद्बाट हुने क्षतिलाई सम्बोधन गर्न लैङ्गिक मैत्री जोखिम हस्तान्तरण (जीवन बिमा, कृषि वाली बिमा, पशु बिमा आदि) नीति तथा कार्यक्रमहरु तयार गर्ने र महिलाको सहभागिता सुनिश्चित गर्ने गराउने,

६. खण्डीकृत तथ्याङ्क सङ्कलन, लैङ्गिक उत्तरदायी संकटासन्नता तथा क्षमताको विश्लेषण गर्ने लैङ्गिक मैत्री समावेशी विपद् पूर्व तयारी र प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक सचेतना तथा क्षमता विकास गर्ने गराउने,

७. पूर्व सूचना प्रणालीबाट प्रवाह हुने सूचनाको स्रोतमा विपद्बाट संकटासन्नतामा रहेका महिलाहरूको पहुँच बढाउन आवश्यक नीति र पूर्वाधार विकास गर्ने गराउने,

८. विपद् प्रतिकार्यका लागि आवश्यक स्वयम् सेवक छनौट र परिचालन गर्दा महिला सहभागितालाई सुनिश्चित गर्ने गराउने,

९. महिला अधिकारका क्षेत्रमा क्रियाशील संघ, संस्था तथा सञ्जालहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि क्षमता विकास गरी स्वः परिचालन हुन उत्प्रेरित गर्ने गराउने,

१०. स्थानीय ज्ञान, सिपको संरक्षण र प्रवर्द्धन गरी दिगो विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका लागि महिलाहरूलाई अधिकतम परिचालन गर्ने गराउने ।

# आगलागीका कारण, असर र बच्ने उपायहरू



सुख्खा मौसममा आगलागीका घटनाहरु धेरै हुने गरेका छन् । आगलागीले धन सम्पत्ति नष्ट हुने, घर तथा सामुदायिक संरचनाको क्षति, एकै पटक धेरै मानिसहरु घरवारविहिन हुने, जीवन निर्वाहका लागि नभई नहुने खाना, आवास, लत्ता, कपडा, औषधी उपचारमा समस्या आइपर्ने तथा जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने गरेको छ । कतिपय अवस्थामा मानिसहरु घाइते, अपाङ्गता तथा मृत्यु समेत हुने गरेको छ । यदि आगलागीका कारण र यसबाट बच्ने उपायको बारेमा जानकारी भएमा र सावधानी अपनाएमा यसको जोखिमलाई धेरै घटाउँन सकिन्छ ।

## आगलागीका कारणहरु

- प्रज्वलनशील पदार्थ जथाभावी राख्दा र केटाकेटीले खेलाउँदा ।
- राती टुकी, लालटिन, मैनबत्ती बाल्दा जनत नगरी हेलचेक्राई गर्दा ।
- जंगलमा जथाभावी डढेलो लगाउँदा ।
- चुरोट, विडिका ठुटा ननिभाई जथाभावी फाल्दा ।
- कपडामा इस्त्री लगाउँदा लापर्वाही गर्नाले र शर्टशर्किटका कारण ।
- चुल्होमा आगो राख्ने चलन र ग्याँस चुहिएर ।
- हुरी बतास चल्ने बेलामा बाहिर खाना पकाउँदा वा आगोसंग खेल्दा ।
- घर वस्ती वरिपरी अव्यवस्थित रुपमा सुकेका पराल, खर जस्तै वस्तुहरु राख्दा ।

## आगलागीबाट बच्ने उपायहरु

- खना पकाइसकेपछि आगो राम्ररी निभाउने ।
- आकस्मिक अवस्थाका लागि दक्ष जनशक्ति तयार गर्ने ।
- सकेसम्म घरहरु एक आपसमा जोडेर नबनाउने, घर निर्माणमा आगोले छिटो टिप्ने सामाग्रीको प्रयोग कम गर्ने ।
- घर वरपर केरा तथा अन्य हरिया बोटविरुवा लगाउने ।
- आगलागीबाट बच्ने उपाय बारेमा समुदायमा चेतनामुलक गतिविधिहरु संचालन गर्ने ।
- आगलागी नियन्त्रणका लागि पानी, बालुवा, डोरी जस्ता सामाग्री जोहो गरी राख्ने र कृत्रिम घटनाको अभ्यास गर्ने ।

# अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**स्वीकारोक्ति**
यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।